# सिद्धिचरण नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## ओखलढुङ्गा

फोन नम्बर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्बर
०३७-५२००५१

प.सं. : ०७७/०७८
च.नं :

(१ नं. प्रदेश), नेपाल
मिति :२०७७।०४।०२

**सिद्धिचरण नगरपालिकाको न्यूनतम रोजगारीमा संलग्न हुनको लागी निबेदन दिने म्याद थप बारेको सूचना**

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक बर्ष २०७७०७८ मा यस स्थानीय तह मातहत रहेको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई ***सार्वजनिक विकास निर्माणका काममा योगदान गर्न इच्छुक*** बेरोजगार व्यक्तिहरुलाई २०७६ चैत्र महिनामा आफूले स्थायी बसोबास गरेको वडा कार्यालयमा बेरोजगार व्यक्तिको सूचीमा सूचीकृत हुन सूचना गरिएकोमा विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाईरस (कोभिड १९) को संक्रमण रोकथाम र नियन्त्रणका लागि नेपाल सरकारले जारी गरेको लकडाउन (बन्दाबन्दी) को कारण निवेदन दर्ता गर्न नपाएका बेरोजगारहरुका लागि मन्त्रालयको मिति २०७७।३।३० को मन्त्रीस्तरीय निर्णयानुसार मिति २०७७ श्रावण ८ गतेदेखी २०७७ भाद्र ७ गतेसम्म समय सिमा तोकिएकाले तपशिलमा उल्लेखित विवरणहरु समेत संलग्न राखी निवेदन दिनु हुन यो सूचना प्रकाशित गरिएको छ । निवेदनको ढाँचा प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को अनुसूची १ बमोजिम हुनु पर्नेछ । निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेवसाइट www.pmep.gov.np र सिद्धिचरण नगरपालिकाको वेवसाइट www.siddhicharanmun.gov.np बाट प्राप्त गर्न सकिने छ ।

रामेश्वर पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

**तपशिल :**

*१. निवेदन फाराम सम्बन्धित वडा कार्यालयमा उपलब्ध हुनेछ ।*
*२. निवेदन फाराममा माग भएका सम्पूर्ण विवरणहरु स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ ।*
*३. सबै आवेदकहरुले एक प्रती नेपाली नागरिकता प्रमाण पत्रको स्पष्ट बुझिने खालको प्रतिलिपि र एक प्रती हालसालै खिचिएको पासपोर्ट साइजको फोटो अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।*
*४. निवेदक अपाङ्गता भएको व्यक्ति भएमा अपाङ्गता परीचय पत्रको प्रतिलिपि समेत संलग्न गर्नु पर्नेछ ।*
*५. माग भएका सम्पूर्ण विवरण र कागजात संलग्न नभएका निवेदनलाई बेरोजगारको सूचीमा सूचीकृत गराउन सकिने छैन ।*